सशस्त्र प्रहरी बल नेपाल

www.apf.gov.np

SAMARPAN समर्पण

ए.पी.एफ. मासिक

शान्ति सुरक्षा प्रतिवद्धता

बर्ष ४ अङ्क १० पूर्णाङ्क ४६ पृष्ठ ८ साउन २०८३

उद्धार कार्यमा उच्च मनोबलका साथ परिचालन हुन माननीय गृहमन्त्री सुधन गुरुङको निर्देशन

माननीय गृहमन्त्री सुधन गुरुङले सम्भावित प्राकृतिक विपत्तिको समयमा नागरिकको जीउधनको रक्षा गर्न र उद्धारको कार्यमा उच्च मनोबलका साथ परिचालन हुन निर्देशन दिनुभएको छ ।

उहाँले साउन २ गते नं. २९ गुल्म गोरखाको निरीक्षण भ्रमणको क्रममा सो निर्देशन दिनुहुँदै विपद् प्रतिकार्यको लागि व्यावसायिक निष्ठा र उच्च सतर्कताका साथ तयारी अवस्थामा रहन समेत निर्देशन दिनुभयो । सो अवसरमा माननीय गृहमन्त्री गुरुङले गुल्ममा रहेको विपद् व्यवस्थापन तथा उद्धार सामग्रीहरूको निरीक्षण गर्नुकासाथै गोरखा जिल्लाको समग्र भौगोलिक वस्तुस्थिति र मनसुनजन्य विपद् व्यवस्थापनको तयारीबारेमा विस्तृत जानकारी लिनुभयो ।

कार्यक्रममा गोरखाका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठ, गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रहरी नायव महानिरीक्षक दिपेन्द्र घर्तीक्षेत्री र नं. ४ मुक्तिनाथ वाहिनी मुख्यालय कास्कीका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक प्रविण कँडेललगायत जिल्लास्थित विभिन्न सुरक्षा निकायका प्रमुखहरूको समेत उपस्थिति रहेको थियो ।

सीमा नाकामा बोर्डर इन्टर्‍याक्सन टिम परिचालन

सीमा सहजीकरण तथा सीमा ईलाकामा हुनसक्ने अवैध क्रियाकलाप नियन्त्रण गर्न र सूचना संकलनको लागि सशस्त्र प्रहरी बल नेपालको बोर्डर इन्टर्‍याक्सन टिम (बिआइटी) परिचालन गरिएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले साउन १० गते रुपन्देही जिल्लाको डण्डास्थित सीमा सुरक्षा गुल्मबाट बिआइटीको शुभारम्भ गर्नुकासाथै सीमा क्षेत्रमा हुने दैनिक क्रियाकलापको बारेमा समेत जानकारी लिनुभएको थियो ।

सीमा ईलाकाको मुख्य नाकाहरु झापाको काँकडभिट्टा, मोरङको रानी, पर्साको वीरगंज, रुपन्देहीको डण्डा, बाँकेको जमुनाह र कैलालीको त्रिनगरमा सशस्त्र प्रहरी नायव निरीक्षकको कमाण्डमा रहने गरी टोली परिचालन गरिएको हो । सो टिम उक्त क्षेत्रमा रहेको सीमा सुरक्षा गुल्मबाट सीमाको मुख्य नाकाहरुमा परिचालन गरिनेछ ।

सो टोलीले विशेष गरी सीमा क्षेत्रमा आवतजावत गर्ने महिला, बालबालिका र बृद्धबृद्धाहरुको सहजीकरण र सहायता गर्नुको साथै मानव वेचविखन नियन्त्रण तथा उद्धार, प्रतिबन्धित लागूऔषध, वन्यजन्तु लगायतका सामग्रीहरुको निगरानी, नियन्त्रण तथा चेकजाँचमा कडाईकासाथ काम गर्नेछ ।

बिआइटीबाट सीमा क्षेत्रमा परिचालित सरोकारवाला निकाय तथा अन्य सुरक्षा निकायहरुसँग समन्वय र सहकार्य गरी सीमा ईलाकामा हुनसक्ने आपराधिक क्रियाकलाप रोकथाम र नियन्त्रण लगायतका अन्य अप्रेशनल कामकारवाहीमा समेत सहयोग पुग्ने विश्वास लिइएको छ ।

सोही मितिबाट अन्य नाकामा समेत सम्बन्धित वाहिनीका वाहिनीपतिहरुले टोली परिचालनको शुभारम्भ गर्नुभएको छ । मुख्य सीमा नाकाहरुमा परिचालन हुने सो टोलीमा प्रत्येक सिफ्टमा एक जना महिला सशस्त्र प्रहरी कर्मचारीसहित विहानदेखि साँझसम्म सादा पोशाक सफारी सुटमा रहने छन् ।

'सीमा क्षेत्रमा हुनसक्ने अवैध क्रियाकलाप रोक्न सशस्त्र प्रहरी प्रतिवद्ध छ'- सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेल

सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले सीमा क्षेत्रमा हुनसक्ने जस्तोसुकै अवैध क्रियाकलाप रोक्न सशस्त्र प्रहरी पूर्ण रुपमा प्रतिवद्ध रहेको बताउनुभएको छ ।

साउन ८ गते शुक्रवार सिंहदरबारमा बसेको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सो कुरा बताउनुकोसाथै सीमा सुरक्षालाई थप सुदृढीकरण र प्रभावकारी बनाउन सरोकारवाला निकाय तथा स्थानीय जनताहरुसँग निरन्तर समन्वय र सहकार्य गरी अगाडी बढेको बताउनुभयो ।

उहाँले खुल्ला सीमानाका कारण राष्ट्रिय सुरक्षामा थप चुनौती भएको हुँदा सीमा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालको जनशक्ति, प्राप्त स्रोतसाधन, प्रचलित कानून, अन्य सरोकारवाला निकायसँगको समन्वय र स्थानीय वासिन्दाहरुसँग सहकार्य गरी सीमा सुरक्षालाई थप मजबुद बनाउदै लैजाने बताउनुभयो । महानिरीक्षक पौडेलले विशेष गरी समय-समयमा भईरहेको सीमा विवाद, क्रस बोर्डर तथा दशगजा क्षेत्रको रेखदेख, तेस्रो देशका नागरिकहरुको आगमन, अवैध चोरीतस्करी, हातहतियार, लागूऔषध ओसारपसार लगायत अवैध वन्यजन्तु तथा काठ तस्करी नियन्त्रणमा समेत अन्य सुरक्षा निकायको समन्वय र सहकार्यमा नियन्त्रण गर्दै आईरहेको बताउनुभयो ।

त्यस्तै मानव वेचविखनका घटनाहरुमा समेत सशस्त्र प्रहरी बल नेपालले सम्बन्धित निकायहरुसँग समन्वय गरी नियन्त्रण गर्दै आईरहेको बताउनुकासाथै सीमा क्षेत्रमा हुने विपद् उद्धारका कार्यमा सहज होस् भन्ने अभिप्रायका साथ सशस्त्र प्रहरी बल नेपालले भारतीय सशस्त्र सीमा बल (एसएसबी)सँगको समन्वयमा विपद् रोकथामका कृत्रिम अभ्यासहरु समेत सञ्चालन गर्दै आईरहेको बताउनुभयो । उहाँले हाल नेपाल-भारत तथा नेपाल-चीन सीमा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालले २ सय ६० वटा बोर्डर आउट पोष्टहरु स्थापना गरी सीमा क्षेत्रको निगरानी र सुरक्षा गर्दै आईरहेको र भविष्यमा समेत सो बोर्डर आउट पोष्टलाई थप गरी ४ सय २५ वटा बनाउने योजना रहेको बताउनुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले नेपाल-भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपालको २ सय ४९ बोर्डर आउट पोष्टले मात्र सीमा क्षेत्रको सुरक्षा गर्न कठिनाई परेको बताउनुहुँदै थप जनशक्ति र भौतिक स्रोतसाधनका लागि नेपाल सरकार गृहमन्त्रालय तथा सम्बन्धित सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य भई रहेको बताउनुभयो ।

उहाँले सीमामा रहेका स्थानीय वासिन्दाहरुसँग कसरी नजिक हुन सकिन्छ र उनीहरुसँग कसरी सहयोग लिन सकिन्छ भन्ने उद्देश्यकासाथ सशस्त्र प्रहरी बल नेपालले सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत सीमामा बसोवास गर्ने स्थानीय वासिन्दाहरुसँग प्रत्यक्ष समन्वय र सहकार्य गरी विभिन्न कार्यक्रहरु सञ्चालन गर्दै आईरहेको र यसबाट राजस्व चुहावट तथा अवैध चोरीनिकासी नियन्त्रणमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सीमामा बसोवास गर्ने युवाहरुलाई रोजगार र दैनिक जीविका आर्जनमा समेत सहयोग होस् भन्ने भावनाकासाथ सशस्त्र प्रहरी बल नेपालले विभिन्न सीप मूलक तालिम सञ्चालन गर्नुकासाथै त्यस क्षेत्रका विपन्न, जेहेन्दार छात्रछात्रा तथा बृद्धबृद्धाहरुलाई खाद्यान्य, लत्ताकपडा, शैक्षिक सामग्री तथा निःशुल्क स्वास्थ्य जाँच गरी औषधीहरु समेत वितरण गर्दै आईरहेको बताउनुभयो । उहाँले सीमा क्षेत्रमा हुने अवैध क्रियाकलापका साथै आपत् विपद्मा परेका नागरिकहरुको उद्धार र सहयोगमा प्रत्यक्ष सहयोग पुग्ने विश्वासकासाथ सशस्त्र प्रहरी बल नेपालले २४सैं घण्टा पैदल गस्ती गरिरहेको र यसबाट सो क्षेत्रका स्थानिय वासिन्दाहरुसँग अन्तरक्रिया गरी सीमा अपराध र अवैध क्रियाकलाप रोकथाममा सहज पुग्ने बताउनुभयो ।

महानिरीक्षक पौडेलले सशस्त्र प्रहरी बल नेपालको मुख्य जिम्मेवारीमध्ये सीमा सुरक्षालाई प्रमुख दायित्वमा राखी संगठनमा रहेका आधा भन्दा बढी जनशक्ति सीमा क्षेत्रमा परिचालन गर्नुकासाथै नेपाल सरकार गृहमन्त्रालयबाट स्वीकृत लिई सीमा तथा दशगजा क्षेत्रमा रहेका सीमा स्तम्भहरुको रंगरोगन तथा मर्मत संभार गर्दै आईरहेको बताउनुभयो ।

उहाँले सीमा क्षेत्रमा खटिएको सशस्त्र प्रहरी बल नेपालको जनशक्ति कम भएको कारण खुल्ला सीमानालाई आगामी दिनमा डिजिटल बोर्डरको रुपमा अगाडी बढाउन सकियो भने खुल्ला सीमाना एउटा आफैमा सिष्टमेटिक हुँदै जाने विश्वास व्यक्त गर्नुहुँदै मजकुर गृहमन्त्रालयबाट प्राप्त सहयोगले आधुनिक डिजिटल उपकरण जोड्ने कार्यलाई अगाडी बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

सशस्त्र प्रहरी बल, नेपालको सञ्चालन:

१. नेपालको कुनै आगाना अधको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्ने,
२. नेपालको कुनै आगाना अधको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्ने,
३. नेपालको कुनै आगाना अधको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्ने,
४. नेपालको कुनै आगाना अधको वा हुन सक्ने दंगा नियन्त्रण गर्ने,
५. नेपालको कुनै आगाना अधको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउने,
६. नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्ने वा अन्य कुनै किसिमको अपराध तथा गम्भिर अपराध घटेमा वा गम्भिर प्रकृतिको अपराधिले शरण वा हुने आतंका अधना स्थानसलाई नियन्त्रण गर्ने,
७. नेपालको सीमा सुरक्षा गर्ने,
८. वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको सहयोगमा रही सहयोग गर्ने,
९. नेपाल सरकारले तोकेको सार्वजनिक सम्पत्तिका भवन, संरचना र अन्य स्थान आदिको सुरक्षा गर्ने,
१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहर्‍याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्ने,
११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमका उल्लेख अधका वा अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरु गर्ने,
१२. नेपाल सरकारले समय समयमा तोकी बमोजिमका अन्य कार्यहरु गर्ने ।

स्रोत सशस्त्र प्रहरी ऐन २०६८ को परिच्छेद २, दफा (६) को उपदफा (५) ।

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६२ असोज ११ गतेको निर्णयानुसार राजस्व, अल्सार तथा औद्योगिक सुरक्षा गर्ने ।
१४. नेपाल सरकार मन्त्रिपरिषद्को २०६७ पौष १५ गतेको निर्णयानुसार रेलवे सुरक्षा गर्ने ।

सुरक्षा तथा विपद् व्यवस्थापन अध्ययन अधिस्नातक डिप्लोमा कोर्स सम्पन्न

सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलको प्रमुख आतिथ्यमा राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा संचालित सि.सं. ३ सुरक्षा तथा विपद् व्यवस्थापन अध्ययन अधिस्नातक डिप्लोमा (PGDSDMS) कोर्स साउन १ गते सम्पन्न भएको छ ।

समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेल तथा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायका डिन प्रोफेसर डा.दुविनन्द ढकालले 'बेष्ट एकेडेमीक अवार्ड तथा बेस्ट रिसर्च अवार्ड' सशस्त्र प्रहरी निरीक्षक अनिल सुवेदी र 'बेस्ट कम्पनी कमाण्डर' सशस्त्र प्रहरी निरीक्षक प्रविण फुँयाललाई प्रदान गर्नुभएको थियो ।

उहाँले सशस्त्र प्रहरी बल नेपालको मुख्य जिम्मेवारी मध्ये सीमा सुरक्षा, आन्तरिक सुरक्षा, राजस्व सङ्कलनमा सहयोग तथा विपद् व्यवस्थापनमा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने तथा सशस्त्र प्रहरी अधिकृतहरूमा रणनीतिक दृष्टिकोण, सोच, सही निर्णय लिने क्षमता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षासँग सम्बन्धित ज्ञान प्रदान गर्ने उद्देश्यले यस कोर्स सञ्चालन गरिएको बताउनुभयो ।

समारोहमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायका डिन प्रोफेसर डा.दुविनन्द ढकालले दीक्षित हुने अधिकृतहरुलाई व्यावसायिक सफलताको हार्दिक बधाई दिनुहुँदै दीक्षित हुनु केवल कोर्सको अन्त्य नभई समर्पण, अनुशासन र ज्ञानको निरन्तर खोजीको उत्सव रहेको बताउनुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलको प्रमुख आतिथ्यमा राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा संचालित सि.सं. ३६ गुल्मपति तथा स्टाफ कोर्ष (CCSC) साउन ७ गते सम्पन्न भएको छ ।

राष्ट्रिय सशस्त्र प्रहरी बल नेपाल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा संचालित सि.सं. ४ प्रशासनिक व्यवस्थापन तालिम (सिनियर अधिकृत) सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक अञ्जनी कुमार पोखरेलको प्रमुख आतिथ्यमा साउन १ गते सम्पन्न भएको छ ।

हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय लामापाटनमा सञ्चालन भएको सि.सं. २२ युवक अधिकृत तालिमको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक अञ्जनी कुमार पोखरेलले साउन २५ गते उद्घाटन गर्नुभएको छ ।

नेपाल प्रहरी तालिम शिक्षालय भरतपुरका प्रशिक्षार्थी प्रहरी सहायक निरीक्षकहरुलाई विपद् उद्धार सामग्रीहरुको प्रयोग तथा बिधिबारे जानकारी दिनुहुँदै नं. ३० गुल्म स्याङ्जाका गुल्मपति सशस्त्र प्रहरी नायव उपरीक्षक लक्ष्मणबहादुर बस्नेत ।

सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलबाट लुम्बिनी प्रदेशस्थित सीमा क्षेत्रको अनुगमन

सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले लुम्बिनी प्रदेशस्थित पश्चिम नवलपरासी, कपिलवस्तु र रुपन्देहीको सीमा क्षेत्रको अनुगमन गर्नुभई सो क्षेत्रमा हुनसक्ने अवैध क्रियाकलापको निगरानी र रोकथाममा कडाईकासाथ लाग्न निर्देशन दिनुभएको छ ।

साउन १० गते उक्त जिल्लामा रहेका सशस्त्र प्रहरी बल नेपालका वाहिनी, गण, गुल्म र बोर्डर आउट पोष्ट तथा सुरक्षा पोष्टमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सो निर्देशन दिनुभएको हो ।

उहाँले सीमा अपराध नियन्त्रण तथा राजस्व चुहावट नियन्त्रण कार्यमा प्रभावकारी रुपमा परिचालित भई नतिजामुखी काम गर्न निर्देशन दिनुहुँदै सीमा ईलाकामा हुनसक्ने अवैध क्रियाकलाप रोकथाम र नियन्त्रणको लागि समयमा नै योजना बनाई तैनाथ हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्षेत्रमा परिचालित हुने सशस्त्र प्रहरी कर्मचारीहरुले सकारात्मक सोच र फरक कार्यशैली अपनाई पूर्ण जिम्मेवारी र बफादारिताकासाथ काम गर्न निर्देशन दिनुहुँदै महानिरीक्षक पौडेलले भन्नुभयो-'असल मनसायकासाथ गरिएको कामकारवाहीमा भएको कमीकमजोरीको जिम्मा संगठनले लिनेछ ।'

उहाँले परम्परागत सोच र मानसीकता भन्दा माथि उठेर नतिजा दिने किसिमले काम गर्नुपर्ने बताउनुहुँदै सीमामा बसोवास गर्ने स्थानीय वासिन्दाहरुसँग सुमधुर सम्बन्ध राख्दै सीमा वारपार गर्ने आम नागरिकहरुको सहजताका लागि समेत काम गर्नुपर्ने बताउनुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सीमा क्षेत्रमा सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रमको समेत प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने बताउनुहुँदै विशेष गरी सीमानाकामा हुने अवैध चोरीनिकासी तथा लागूऔषध ओसारपसार नियन्त्रण र राजस्व चुहावट लगायतका कार्यलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नुकासाथै सीमामा हुने अवाञ्छित क्रियाकलापहरु तथा सम्भावित घट्ना दुर्घटनालाई समेत मध्यनजर गर्दै परिचालित हुनुपर्नेमा जोड दिनुभयो । सीमामा हुने अवैध क्रियाकलाप नियन्त्रणमा निर्मम ढंगले लाग्न र कुनै पनि आर्थिक प्रलोभनमा नपर्न उहाँले सीमा क्षेत्रमा कार्यरत सबै दर्जाका कर्मचारीलाई निर्देशन दिनुभयो ।

उहाँले बर्षातको समयलाई मध्यनजर गर्दै बाढी, पहिरो र डुवान जस्ता विपद्जन्य घटनामा तत्काल परिचालन हुनसक्ने गरी विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्तिहरुलाई आवश्यक उद्धारका सामग्रीसहित तयारी हालतमा रहन समेत निर्देशन दिनुभएको छ ।

कमाण्ड अनुशिक्षण

सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले संगठनको उद्देश्य र मर्यादालाई केन्द्रमा राखी देश र जनताको सुरक्षा र सेवामा कार्य गर्न सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुलाई निर्देशन दिनुभएको छ ।

साउन २६ गते प्रधान कार्यालयमा समादेशक, गणपति र गुल्मपतिका रुपमा खटिई जान लागेका अधिकृतहरुको लागि सञ्चालन गरिएको कमाण्ड अनुशिक्षण तालिमको समापन कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सो निर्देशन दिनुभएको हो ।

उहाँले राष्ट्र र संगठनको प्रतिष्ठा भन्दा माथि कोही पनि नहुने उल्लेख गर्नहुँदै कार्यक्षेत्रमा परिचालित हुँदा गलत नियतकासाथ काम गर्ने जुनसुकै दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरु कारवाहीको भागिदार बन्ने हुँदा कसैलाई प्रभाव पारी उम्किन्छु भन्ने सोच र विचार आजैका दिनदेखि हटाउन निर्देशन दिनुभएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सरकारको नतिजामा आधारित शासकीय प्रबन्ध र संगठनको सीमा सुरक्षा, आन्तरिक सुरक्षा, राजस्व संकलनमा सहयोग र विपद् व्यवस्थापनमा परिचालन (BIRD)को अवधारणालाई प्राथमिकतामा राखेर कार्यक्षेत्रमा खटिदा आर्थिक अनियमितितामा शून्य सहनशीलताको नीतिको पूर्ण रुपमा पालना गरी त्रुटिरहित ढंगबाट कार्यसम्पादन गर्न समेत निर्देशन दिनुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले असल नियत र इमान्दारीपूर्वक गरिने सम्पूर्ण कार्यको संगठनले उच्च मुल्यांकन र संरक्षण गर्ने भएको हुँदा कार्यक्षेत्रमा परिचालित सशस्त्र प्रहरी कर्मचारीहरुले उच्च मनोवलकासाथ व्यावसायिक ढंगमा कार्य गर्नुपर्ने बताउनुभयो । सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सशस्त्र प्रहरी बल नेपालका सबै युनिटहरुमा फायरफाईटिङ टिम स्ट्यानवाई राख्न र आगलागी जस्ता दुर्घटना नदोहोरिने गरी सतर्कता अपनाउँदै आफ्नो जिम्मेवारी ईलाकामा २४सैं घण्टा अप्रेशनल तत्परता कायम राख्न युनिट कमाण्डरहरुलाई निर्देशन दिनुभयो ।

विभागीय प्रमुखहरु सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक बंशीराज दाहाल, गणेश बहादुर ठाडा मगर र अञ्जनी कुमार पोखरेलले समेत कमाण्डमा

जान लाग्नुभएका अधिकृतहरुलाई त्रुटिरहित ढंगबाट सीमा सुरक्षा, अप्रेशनल तथा प्रशासनिक कामकारवाही गर्न निर्देशन दिनुभएको थियो ।

यसअघि साउन १ गते गुल्मपतिको जिम्मेवारी पाएका अधिकृतहरुको लागि प्रधान कार्यालयमा सञ्चालन भएको कमाण्ड अनुशिक्षणमा महानिरीक्षक पौडेलले उच्च अनुशासन र व्यावसायिकतासाथ राष्ट्र र आम नागरिकहरुको सेवा र सुरक्षामा कटिबद्ध भएर लाग्न निर्देशन दिनुभएको थियो ।

'सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूको कार्यशैली र व्यवहारमा उत्कृष्टता, समर्पण र इमानदारिता झल्किनु पर्छ, संगठनको प्रतिष्ठालाई आँच पुऱ्याउने गैरव्यावसायिक क्रियाकलाप क्षम्य हुँदैन'-सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेल

शान्ति मिशन टोलीको स्वागत तथा बिदाई

संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ युनाइटेड नेशन्स मिशन इन साउथ सुडानमा नेपाल फर्म्ड पुलिस युनिट (एफपीयू)मा सफलतापूर्वक आफ्नो कार्यकाल सम्पन्न गरी स्वदेश फर्किएको १२औँ डफ्काको टोलीलाई साउन २१ गते सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले स्वागत गर्नुभएको छ ।

नेपालको वर्तमान सुरक्षा परिवेश अत्यन्तै गतिशील र परिवर्तनशील रहेको चर्चा गर्नहुँदै सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले भन्नुभयो-'म मिशनमा थिएँ, मलाई थाहा भएन भन्ने कुनै पनि बाहाना अब स्वीकार्य हुनेछैन ।'

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले जलवायु परिवर्तनका कारण हुनसक्ने बाढी, पहिरो र डुवान जस्ता विपद्का घटनाहरुमा सशस्त्र प्रहरी कर्मचारीहरुको भूमिका उल्लेखनिय रहने चर्चा गर्नुहुँदै विपद् व्यवस्थापनमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउन गोताखोर तथा उच्च हिमाली उद्धारकर्ताको लागि तलव स्केलको १५ प्रतिशत जोखिम भत्ता तथा परिचालन भत्ताको समेत व्यवस्था भएको उल्लेख गर्नुभयो ।

विशेष गरी सीमा क्षेत्रमा हुने आर्थिक अनियमितितामा संगठनले पूर्ण रुपमा शून्य सहनशीलताको नीति लिएको र यस्ता कार्यमा संलग्न जुनसुकै दर्जा सशस्त्र प्रहरी कर्मचारीहरुप्रति कठोर कदम चालिने स्पष्ट पार्नुहुँदै उहाँले सीमा सुरक्षार्थ परिचालित हुँदा उच्च नैतिकता र व्यावसायिक दक्षताका साथ खटिनुपर्ने बताउनुभयो ।

यसअघि सशस्त्र प्रहरी महानिरीक्षक नारायण दत्त पौडेलले अनुशासनमा कुनै किसिमको सम्झौता नगर्न र गल्ती गर्ने जुनसुकै दर्जाका सशस्त्र प्रहरी कर्मचारीलाई तुरुन्त फिर्ता गर्न निर्देशन दिनुभएको छ ।

साउन २० गते संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ युनाइटेड नेशन्स मिशन इन साउथ सुडानमा नेपाल फर्म्ड पुलिस युनिट (एफपीयू)को रुपमा कार्य गर्न जाने १३औँ डफ्काको टोलीको बिदाई कार्यक्रममा महानिरीक्षक पौडेलले सो निर्देशन दिनुकासाथै कुनै एक जनाको गल्ती, लापरवाही तथा अनुशासनहीनताको कारणले मिशनमाथि प्रश्न चिन्ह उठ्यो भने त्यसको परिणाम घातक हुने बताउनुभएको छ ।

उहाँले हाल विश्वमा भू-राजनीतिक प्रतिस्पर्धा, आतंकवाद र साईबर सुरक्षा जस्ता चुनौतीहरु थपिएको तथा शान्ति मिशनहरुको संख्या घट्दै गएको अवस्थामा यो अवसर पाउनु गौरवको विषय भएको बताउनुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले यो अवसर व्यक्तिगत नभई संगठन, राष्ट्र र सम्पूर्ण नेपाली जनताको प्रतिनिधित्व भएकोले सशस्त्र प्रहरी कर्मचारीहरुले मिशनमा गरिने प्रत्येक कार्यले नेपालको अन्तर्राष्ट्रिय छवि निर्धारण गर्ने उल्लेख गर्नुहुँदै सशस्त्र प्रहरीले शान्ति मिशनमा कायम गरेका व्यावसायिक पहिचानलाई थप उचाईमा पुऱ्याउन अझ जिम्मेवारीपूर्वक लाग्नुपर्ने बताउनुभयो । सशस्त्र प्रहरी उपरीक्षक हर्कराज पन्तसहित १ सय ६० जना सशस्त्र प्रहरी कर्मचारीहरु साउन २१ गते त्यसतर्फ प्रस्थान गरेका छन् ।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरूबाट निर्देशन सम्बोधन

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक गणेश बहादुर ठाडा मगर मधेश प्रदेश अन्तर्गत कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई उच्च सतर्कताका साथ परिचालित भई आवश्यक सुरक्षा व्यवस्था मिलाउन निर्देशन दिनुभएको छ ।

उहाँले मधेश प्रदेशमा शान्ति-सुरक्षा कायम गराउन सरोकारवाला पक्षहरू, स्थानीय प्रशासन तथा अन्य सुरक्षा निकायहरूसँग आवश्यक समन्वयात्मक छलफल समेत गर्नुभएको छ ।

यसैगरी सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक अञ्जनी कुमार पोखरेलले गण्डकी प्रदेश अन्तर्गतका सशस्त्र प्रहरी बल, नेपालका कार्यालयहरुको निरीक्षण भ्रमण गर्नुभएको छ ।

उहाँले निरीक्षण भ्रमणको क्रममा सशस्त्र प्रहरी कर्मचारीहरुलाई संगठनले लिएको लक्ष्य, भावी योजना र आगामी दिनहरुमा हुनसक्ने सुरक्षा चुनौतीहरुलगायतको सम्बन्धमा निर्देशन सम्बोधन गर्नुभएको थियो ।

दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका-८ लोंगटा बस्तीका पहिरो पीडित बासिन्दाहरुलाई नं. १८ गुल्म दोलखाको Disaster Relief System (DRS) कन्टेनरमा रहेका गैह्र खाद्य सामग्रीहरु हस्तान्तरण गरेको छ ।

नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन

सशस्त्र प्रहरी परिवार महिला संघले पशुपतिनाथ मन्दिर परिसरमा दर्शन गर्न आउने भक्तजनहरूको लागि नि:शुल्क स्वास्थ्य शिविर तथा खानेपानी वितरण गरेको छ। साउन महिनाको प्रत्येक सोमबार सशस्त्र प्रहरी परिवार महिला संघले आयोजना गर्दै आएको सो कार्यक्रममा नेपाल एपीएफ अस्पतालका चिकित्सकसहितको टोलीले दर्शनार्थी भक्तजनहरुको नि:शुल्क स्वास्थ्य परिक्षण गर्दै आएको हो। शिविरमार्फत श्रद्धालु भक्तजनहरूको स्वास्थ्य परीक्षण गर्नुकासाथै औषधी तथा खानेपानी समेत वितरण गरिँदै आएको छ ।

यसैगरी साउन महिनाभर हरेक सोमवार मन्दिर दर्शनार्थ आउने भक्तजनहरूको सुरक्षालाई ध्यानमा राखी पशुपतिनाथ मन्दिरस्थित बागमती किनारमा १० जनाको विपद् व्यवस्थापन टोली च्याफ्ट बोट तथा आवश्यक उद्धार सामग्रीसहित तत्काल परिचालन हुनसक्ने गरी तयारी अवस्थामा राखिएको थियो ।

साथै कुनै पनि आकस्मिक अवस्था सिर्जना भएमा तत्काल उद्धार गर्न सक्ने गरी सशस्त्र प्रहरी बल नेपालको एम्बुलेन्स समेत सोही क्षेत्रमा तयारी अवस्थामा राखिएको थियो ।

पश्चिम नवलपरासी जिल्लाको पाल्हीनन्दन गाउँपालिका-१ को वडा कार्यालय परिसरमा नं. २६ गण पश्चिम नवलपरासीले एक दिने नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

नं. ३४ गण कैलाली र निसर्ग अस्पताल एण्ड रिसर्च सेन्टर प्रा.लि. धनगढीको सहकार्यमा धनगढी उपमहानगरपालिका-१२ स्थित वडा कार्यालयमा एक दिने नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

स्थापना दिवस

खेलकुद तथा शारीरिक सुगठन शिक्षालय, काठमाडौं

खेलकुद तथा शारीरिक सुगठन शिक्षालयको आठौँ स्थापना दिवस सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक अञ्जनी कुमार पोखरेलको प्रमुख आतिथ्यमा साउन १५ गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा सम्पन्न भएको स्थापना दिवस कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पोखरेलले शिक्षालयमा कार्यरत रहि उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी तथा विभिन्न विधामा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

उहाँले खेलकुदले व्यक्तिको अनुशासन, इमान्दारिता, शारीरिक तथा मानसिक रुपमा तन्दुरुस्ती, सामुहिक भावनाको विकास, जित्छु भन्ने सोच र नेतृत्व क्षमतामा अभिबृद्धि गराउनुकोसाथै जितलाई विनम्रतापूर्वक ग्रहण गर्ने संस्कार र हारलाई स्वीकार गर्नसक्ने साहस तथा निरन्तर सुधार गर्ने बानीको विकास समेत गराउने बताउनुभयो ।

कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल खेलकुद तथा शारीरिक सुगठन शिक्षालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक अशोक कुमार बमले संगठन र देशको शिर उच्च बनाउने खेलाडीहरु राष्ट्रका अनुशासित सिपाही, प्रेरणाको स्रोत र भविष्यको आदर्श व्यक्तित्वको रुपमा रहेको उल्लेख गर्नुहुँदै शिक्षालयमा आवद्ध सम्पूर्ण खेलाडीहरुले खेलकुद क्षेत्रमा मेहनत, अनुशासन र आत्मविश्वासलाई सर्वोपरी ठानी आफ्नो अहम भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

नं. ३३ त्रिपुरा गण, जुम्ला

नं. ३३ त्रिपुरा गण जुम्लाको २३औँ स्थापना दिवस नं. ६ महेश्वरी वाहिनी मुख्यालय सुर्खेतका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कृष्णराज पाठकको प्रमुख आतिथ्यमा साउन २६ गते सम्पन्न भएको छ ।

सो अवसरमा सशस्त्र प्रहरी नायव महानिरीक्षक पाठकले स्थापना दिवसका अवसरमा सञ्चालन गरिएको विभिन्न खेलकुद प्रतियोगिताका उत्कृष्ट खेलाडी, टिम, वर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, गणलाई सहयोग पुऱ्याउने विभिन्न महानुभावहरुलाई पुरस्कार, कदरपत्र र प्रशंसापत्र प्रदान गर्नुभएको थियो भने सोही अवसरमा उहाँले सहिद परिवारलाई सम्मान समेत गर्नुभएको थियो ।

नं. ४४ गण, दार्चुला

नं. ४४ गण दार्चुलाको छैठौँ स्थापना दिवस नं. ७ बैद्यनाथ वाहिनी मुख्यालय कैलालीका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक दिग विजय सुवेदीको प्रमुख आतिथ्यमा साउन १८ गते सम्पन्न भएको छ ।

नं. २९ ज्वालामाई गण, दाङ

नं. २९ ज्वालामाई गण दाङको २२औँ स्थापना दिवस नं. ५ बिन्ध्यावासिनी वाहिनी मुख्यालय रुपन्देहीका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक दिपक अधिकारीको प्रमुख आतिथ्यमा साउन २ गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

नं. ३८ रिजर्भ गण, झापा

नं. ३८ रिजर्भ गण लखनपुर झापाको छैठौँ स्थापना दिवस नं. १ बराह वाहिनी मुख्यालय सुनसरीका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक मनिष थापाको प्रमुख आतिथ्यमा साउन २६ गते सम्पन्न भएको छ ।

सो अवसरमा सशस्त्र प्रहरी नायव महानिरीक्षक थापाले स्थापना दिवसको अवसरमा सञ्चालन गरिएको विभिन्न खेलकुद प्रतियोगिताका उत्कृष्ट खेलाडी, टिम, वर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, गणलाई सहयोग पुऱ्याउने विभिन्न महानुभावहरुलाई पुरस्कार, कदरपत्र र प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

नं. ३५ शैलेश्वरी गण, कञ्चनपुर

नं. ३५ शैलेश्वरी गण कञ्चनपुर को २३औँ स्थापना दिवस नं. ७ बैद्यनाथ वाहिनी मुख्यालय कैलालीका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक दिग विजय सुवेदीको प्रमुख आतिथ्यमा साउन १८ गते सम्पन्न भएको छ ।

सो अवसरमा सशस्त्र प्रहरी नायव महानिरीक्षक सुवेदीले स्थापना दिवसका अवसरमा गणलाई सहयोग पुऱ्याउनुहुने विभिन्न महानुभावहरुलाई कदरपत्र र प्रशंसापत्र प्रदान गर्नुभएको थियो । स्थापना दिवसको अवसरमा सो गणले कञ्चनपुर जिल्लाको शुक्लाफाँटा नगरपालिका-५ बन समितिस्थित राम मन्दिर सरसफाई गरिएको छ ।

मद्दती तथा सेवा गुल्म, कैलाली

मद्दती तथा सेवा गुल्म कैलालीको १३औँ स्थापना दिवस नं. ७ बैद्यनाथ वाहिनी मुख्यालय कैलालीका सहायक वाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक चित्राङ्गत दाहालको प्रमुख आतिथ्यमा साउन २१ गते सम्पन्न भएको छ ।

सो अवसरमा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दाहालले वर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी तथा गुल्मलाई सहयोग पुऱ्याउने विभिन्न महानुभावहरुलाई कदरपत्र र प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका-५ बनगाउँस्थित सशस्त्र प्रहरी सहायक हवल्दार स्व. दिपेन्द्र नाथको वार्षिक पुण्यतिथीमा सीमा सुरक्षा गुल्म गड्डाचौकीबाट सशस्त्र प्रहरी नायव निरीक्षक डम्बरसिंह बोहरासहितको टोलीले भेटघाट गरेको छ ।

कर्तव्य पालनाको सिलसिलामा दिवंगत भएका सशस्त्र प्रहरी जवान स्व.सुविन खत्रीको परिवारलाई नं. ३८ रिजर्भ गण झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक दिनेश कुमार बस्नेतले सहयोग स्वरुप नगद हस्तान्तरण गर्नुभएको छ ।

विपद् सामग्री हस्तान्तरण

बागमती प्रदेश सरकारले विपद् उद्धारको समयमा खटिँदा आवश्यक पर्ने २२ प्रकारका उद्धारका सामग्री हस्तान्तरण गरेको छ ।

उक्त सामग्री आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्री शिवराज अधिकारीले सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक विकास घिमिरेलाई हस्तान्तरण गर्नुभएको हो ।

हस्तान्तरण गरिएका सामग्रीमा चेन, सेफ्टी बेल्ट, हार्नेस, अक्सिजन सिलिन्डर, त्रिपाल लगायत छन् । सो अवसरमा आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्री अधिकारीले सशस्त्र प्रहरी बल नेपालले विपद् व्यवस्थापन तथा उद्धारमा महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्नुहुँदै विपद् पूर्व नै उद्धारका लागि आवश्यक जनशक्ति र उपकरण सधैँ तयारी अवस्थामा राख्नुपर्ने बताउनुभयो ।

यसैगरी कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिकाका उप-प्रमुख निलम लेखकले वर्षादको समयमा विपद्बाट हुनसक्ने जनधनको क्षति न्यूनीकरणलाई कम गर्नको लागि नं. ३५ शैलेश्वरी गण कञ्चनपुरलाई विपद् व्यवस्थापनका सामग्री हस्तान्तरण गर्नुभएको छ ।

रक्तदान

नं. २१ दक्षिणकाली गण ललितपुरको परिसरमा रक्तदान गर्दै सो गण तथा मातहत कार्यालयहरुमा कार्यरत सशस्त्र प्रहरी कर्मचारी ।

कास्की जिल्लाको पोखरा महानगरपालिका-९ न्यूरोड स्थित नेपाल एसबिआई बैंकको परिसरमा रक्तदान गर्दै नं. २४ कालिका गण कास्कीको सशस्त्र प्रहरी कर्मचारी ।

उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-१३ बेहडुवास्थित उपचारको क्रममा रगतको आवश्यकता परेको एक स्थानीयलाई रक्तदान गर्दै नं. ५ त्रियुगा गण उदयपुरका सशस्त्र प्रहरी कर्मचारी ।

मुस्ताङ जिल्लाको लोमान्थाङ गाउँपालिका-४ नेचुङस्थित सीमा ईलाकामा बृक्षारोपण तथा फोहोरमैला व्यवस्थापन गर्दै बोर्डर आउट पोष्ट नेचुङ ।

सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत नं. ६ गण सप्तरीको आयोजनामा सीमावासीहरु लक्षित च्याउ खेती सम्बन्धी सीपमूलक तालिम सम्पन्न ।

स.प्र.बल, नेपाल इकाई परिचय

नं. २० विपद् उद्धार गण

काठमाण्डौ जिल्लामा शान्ति, सुरक्षा कायम गर्न तथा विपद् उद्धारमा परिचालन हुन २०६४ सालमा काठमाण्डौं जिल्लाको सिनामंगलमा सशस्त्र प्रहरी बल उपत्यका सुरक्षा गणको स्थापना भएको हो ।

नेपाल सरकार मन्त्रीपरिषद्को २०६४ कार्तिक १६ गतेको निर्णयले सशस्त्र प्रहरी बल उपत्यका सुरक्षा गणको दरबन्दी स्वीकृत भई २०६४ साल फागुन ३ गतेबाट काठमाण्डौ महानगरपालिका-९ सिनामंगलस्थित नागरिक उड्डयन कार्यालयको ९७ रोपनी जग्गामा कार्यालय स्थापना गरी कार्य सञ्चालन गर्दै आइरहेकोमा नेपाल सरकार मन्त्रीपरिषद्को २०७० साल माघ २३ गतेको निर्णयानुसार काठमाण्डौं लगायत राज्यको जुनसुकै स्थानमा हुने विपद् उद्धारमा परिचालन हुने उद्देश्यले उपत्यका सुरक्षा गणलाई विपद् उद्धार उपत्यका गण नामाकरण गरिएको हो ।

नेपाल सरकार मन्त्रिपरिषद्को २०७५ साल माघ २० गतेको निर्णयानुसार सशस्त्र प्रहरी बल नेपाल नं. २० गण हे.क्वा. (विपद् उद्धार) काठमाण्डौ नामाकरण भइ कार्यसम्पादन गर्दै आइरहेको छ ।

गणले देशका विभिन्न स्थानमा भएका बाढी तथा डुवानका घटनामा गोताखोरसहित उद्धार टोली परिचालन, बारुणयन्त्र सुरक्षा तथा आगलागी नियन्त्रण, हवाई तथा सडक दुर्घटना उद्धार, उपत्यकामा हुने विपद् प्रतिकार्य, उद्धार, व्यवस्थापन तथा क्षति न्यूनीकरणमा परिचालन हुनुको साथै अति विशिष्ट तथा विशिष्ट व्यक्ति सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोग सुरक्षा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाहिरी सुरक्षा, लागूऔषध नियन्त्रण,

सप्रउ जीवन के.सी.
गणपति

हुल तथा दंगा व्यवस्थापन, जनचेतनामूलक कार्यक्रम एवं विपद् स्वयंसेवक तालिम सञ्चालन गर्दै आईरहेको छ ।

हालसम्मका गणपतिहरू

सि.नं.	दर्जा	नामथर	कार्यरत	
			देखि	सम्म
१	सप्रउ	संजय विक्रम राणा	२०६४।११।०३	२०६५।०३।०१
२	सप्रउ	कृष्णभक्त ब्रम्हचार्य	२०६५।०३।०१	२०६६।०४।०२
३	सप्रउ	बाबुराम पाण्डे	२०६६।०४।०२	२०६६।०४।३०
४	सप्रउ	महेशकुमार श्रेष्ठ	२०६६।०४।३०	२०६७।०५।१०
५	सप्रउ	समुन्द्रप्रसाद भण्डारी	२०६७।०५।१०	२०६९।०१।०२
६	सप्रउ	दुर्गाप्रसाद भट्टराई	२०६९।०१।०२	२०६९।०७।१९
७	सप्रउ	चिरञ्जीवी कुँवर	२०६९।०७।१९	२०७०।०३।०३
८	सप्रउ	रत्न पोखेल	२०७०।०३।२८	२०७१।०५।१५
९	सप्रउ	राजु महर्जन	२०७१।०५।१५	२०७१।१०।२३
१०	सप्रउ	बेनुप्रसाद पाठक	२०७१।१०।२३	२०७३।०५।१९
११	सप्रउ	फणिन्द्रराज पौडेल	२०७३।०५।१९	२०७४।०४।२६

सि.नं.	दर्जा	नामथर	कार्यरत	
			देखि	सम्म
१२	सप्रउ	दमन थापा	२०७४।०४।२६	२०७५।०४।०२
१३	सप्रउ	राघवसिंह थापा	२०७५।०४।०२	२०७६।०४।१७
१४	सप्रउ	बिशेश्वर थापा	२०७६।०४।१७	२०७७।०४।१६
१५	सप्रउ	विष्णुप्रसाद भट्ट	२०७७।०४।१६	२०७८।०९।१३
१६	सप्रनाउ	हस्तबहादुर गुरुङ्ग	२०७८।०९।१३	२०७८।१०।०५
१७	सप्रउ	नरेन्द्र सेन	२०७८।१०।०५	२०७९।०२।१३
१८	सप्रनाउ	हस्तबहादुर गुरुङ्ग	२०७९।०२।१३	२०७९।०२।२६
१९	सप्रउ	पूर्ण बहादुर साउद	२०७९।०२।२६	२०८१।०४।०२
२०	सप्रउ	शैलेश श्रेष्ठ	२०८१।०४।०२	२०८२।०४।१५
२१	सप्रउ	जीवन के.सी.	२०८२।०४।१५	हाल सम्म

राजस्व संकलनमा सशस्त्र प्रहरी बल नेपालको भूमिका

दिल कुमार श्रेष्ठ

सशस्त्र प्रहरी बल नेपालले देशको सीमा सुरक्षा र सीमा क्षेत्रबाट चोरीपैठारी तथा निकासी लगायतका सामान बरामद गरी राजस्व संकलनमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आईरहेको छ । यसले भन्सार महसुलको चुहावट रोक्न ठूलो टेवा पुऱ्याएको छ ।

सशस्त्र प्रहरी बल नेपालले देशभरका विभिन्न जिल्लाहरुबाट गत आर्थिक वर्षमा १ अर्ब ७५ करोड २९ लाख १ हजार ८० रुपैयाँ बराबरको चोरीपैठारी तथा निकासी लगायतका अवैध सामान बरामद गरी भन्सार तथा राजस्व कार्यालय एवं सम्बन्धित निकायमा बुझाएको छ । सशस्त्र प्रहरी बल नेपालका विभिन्न इकाईहरुको सक्रिय गस्ती, चेकजाँच, अनुगमन तथा विशेष सूचनामा आधारित अप्रेशनल कामकारवाहीले गर्दा यस अवधिमा देशभरका विभिन्न जिल्लाबाट उल्लेखित रुपैयाँ बराबरको सामान बरामद भएको हो ।

आर्थिक वर्ष २०८२/०८३

गरेको छ। यसैगरी सशस्त्र प्रहरीले सिराहा, कञ्चनपुर, सर्लाही, पश्चिम नवलपरासी र बारा जिल्लाका सीमा इलाकाबाट समेत उल्लेखनीय परिमाणको सामान बरामद गरेको छ भने अन्य मोरङ, धनुषा, रौतहट, महोत्तरी, कपिलवस्तु र सुनसरी लगायतका जिल्लाहरुबाट पनि करोडौँ रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ । विशेष गरी सीमा सुरक्षामा तैनाथ सशस्त्र प्रहरी बल नेपालका युनिटहरुबाट नियमित अप्रेशनल कामकारवाही सञ्चालन गरी भन्सार विभाग, अन्य सुरक्षा निकाय लगायतका सम्बद्ध निकायसँगको समन्वयलाई थप प्रभावकारी बनाउँदै चोरीपैठारी तथा निकासी जस्ता अवैध क्रियाकलाप नियन्त्रण गर्ने कार्य गर्दै आइरहेको छ ।

चोरीनिकासी तथा पैठारीका सामान बरामदीको जिल्लागत विवरण

सि.नं.	जिल्ला	रकम रु.
१	पर्सा	२५११९४२५४
२	बाँके	१३६२२१०३८
३	झापा	१३०८८९८८१.४
४	रुपन्देही	१२८८२४४२१
५	कैलाली	१२४२१०४२८
६	सिराहा	११८८३९७७५
७	कन्चनपुर	११७१४५४०९
८	सर्लाही	९२८५७३९०
९	पश्चिम नवलपरासी	८७९७२४३८
१०	बारा	७५८६७७५८
११	मोरङ	६६४४३०४४
१२	धनुषा	६५५८९५७१
१३	रौतहट	६१०६२५९४
१४	महोत्तरी	५८७२००५८
१५	कपिलवस्तु	५३९०९५४५
१६	सुनसरी	५३५१४०३८
१७	बर्दिया	२९७२५८७३
१८	सप्तरी	२८७१४०७६

सि.नं.	जिल्ला	रकम रु.
१९	सिन्धुपाल्चोक	२३६४१८१०
२०	रसुवा	१५४१७०७०
२१	सिन्धुली	१३७३१५००
२२	इलाम	५७९४३१०
२३	मकवानपुर	३३१०१९५
२४	दाङ	२४११६९३
२५	बैतडी	२११४४१०
२६	पूर्वी नवलपरासी	१८४७७३५
२७	चितवन	६९३६१५
२८	उदयपुर	५७९५२०
२९	दार्चुला	४५६७५०
३०	धनकुटा	३२६८०१
३१	ताप्लेजुङ्ग	२६४०००
३२	पाँचथर	२१६०८०
३३	डडेल्धुरा	२०८४००
३४	काभ्रे	१३५६००
३५	धादिङ्ग	५००००
	जम्मा	**१७५२९०१०८०**

सशस्त्र प्रहरी बल नेपालले नेपाल-भारत सीमा जोडिएको पर्सा जिल्लाबाट सबैभन्दा बढी २५ करोड ११ लाख ९४ हजार २ सय ५४ रुपैयाँ बराबरको अवैध चोरीपैठारी तथा निकासीको सामान बरामद गरेको छ ।

त्यस्तै सशस्त्र प्रहरीले बाँके जिल्लाको विभिन्न स्थानहरुबाट १३ करोड ६२ लाख २१ हजार ३८ रुपैयाँ, झापा जिल्लाबाट १३ करोड ८ लाख ८९ हजार ८ सय ८१ रुपैयाँ, रुपन्देही जिल्लाबाट १२ करोड ८८ लाख २४ हजार ४ सय २१ रुपैयाँ र कैलाली जिल्लाबाट १२ करोड ४२ लाख १० हजार ४ सय २८ रुपैयाँ बराबरको सामान बरामद

अवैध रुपले नेपाल भित्रयाइएका खाद्यान्न, लत्ताकपडा, औषधी, किराना तथा हार्डवेयर सामान, सुनचाँदी, पञ्छीजन्य तथा पशुचौपाया, वनपैदावार लगायत सो सामग्री ढुवानीमा प्रयोग भएका सवारीसाधनहरु समेत सशस्त्र प्रहरी बल नेपालले नियन्त्रणमा लिएको छ । त्यस्तै नेपालबाट तथा नेपाल हुँदै अन्य देशमा लैजान खोजिएका अवैध सामान समेत नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाइएको छ ।

साउन महिनाको बरामदी विवरण

सशस्त्र प्रहरी बल नेपालका इकाईहरुले बरामद गरेको चोरीनिकासी तथा पैठारीका सामग्रीहरुको दाखिला विवरण

सि.नं.	जिल्ला	रकम रु.
१	इलाम	६५८०००
२	झापा	१३९९३६२६
३	मोरङ	८९९०१००
४	सुनसरी	५८१५७०७
५	सप्तरी	१२३६२१६
६	सिराहा	१२६८०६५८
७	धनुषा	८०९६४७३
८	महोत्तरी	५९१२६८१
९	सर्लाही	१२५६६८०४
१०	रौतहट	४६५७३८९
११	बारा	७७८३४८३
१२	पर्सा	१९७८२७९८
१३	चितवन	१५५०८१७
१४	मकवानपुर	३१७४२०
१५	सिन्धुपाल्चोक	५५३८३०

सि.नं.	जिल्ला	रकम रु.
१६	रसुवा	३७४९५०
१७	काभ्रे	११४०००
१८	पुर्वी नवलपरासी	२०७२३०४
१९	पश्चिम नवलपरासी	९६०६५०५
२०	रुपन्देही	११८८९४८४
२१	कपिलबस्तु	७२५५८९५
२२	दाङ	५३९८८५
२३	बाँके	६७९४२६२
२४	बर्दिया	३६७२४३६
२५	हुम्ला	९१५९६००
२६	डोल्पा	५५९००००
२७	कैलाली	१०६००८८०
२८	कन्चनपुर	९२५५२२९
२९	दार्चुला	४६७३०
	जम्मा	**२०६०३६८८७**

पाक्षिक रेडियो तथा टेलिभिजन कार्यक्रम समर्पण राष्ट्रका लागि हरेक महिनाको पहिलो र तेश्रो आइतबार रेडियो नेपालबाट १९:४० बजे, हरेक महिनाको पहिलो र तेश्रो बिहीबार १७:२५ बजे नेपाल टेलिभिजनका साथै Website: www.apf.gov.np मा सुन्न र हेर्न सकिनेछ । रेडियो कार्यक्रम संगठनको फेसबुक पेज Armed Police Force, Nepal मा समेत सुन्न सकिने छ ।

उद्धार/विविध

ट्रेकिङको क्रममा हराएका तीन युवकको उद्धार

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका-९ बादलडाँडास्थित मर्दी हिमालको ट्रेकिङको क्रममा जंगलमा हराएका तीन युवकको उद्धार गरिएको छ ।

साउन १९ गते विहान ट्रेकिङमा निस्केका पोखरा महानगरपालिका-१४ खसीबजार बस्ने २४ वर्षीय अजित जि.सी., २३ वर्षीय युकेश गुरुङ र २६ वर्षीय करण लामा जंगलमा हराएका थिए । उनीहरु साउन २० गते विहान ८ बजेदेखि सम्पर्कमा विहिन भएका थिए ।

घटनाबारे जानकारी पाउनासाथ नं. २४ कालिका गण कास्कीबाट सशस्त्र प्रहरी निरीक्षक साजन श्रेष्ठको कमाण्डमा विपद् व्यवस्थापन तालिम प्राप्तसहितको टोली समेत उनीहरुको खोजीकार्यको लागि खटिएको थियो । खोजी गर्ने क्रममा साउन २० गते साँझ सोही जिल्लाको अन्नपूर्ण गाउँपालिका-११ छुमरुङ फेदीस्थित मोदी खोलाको पारीपट्टी जंगलमा उनीहरु सकुशल देखा परेका थिए ।

उक्त दिन नै उनीहरुलाई उद्धार गरी खोला वारि ल्याउन प्रयास गरिएकोमा अविरल वर्षाको कारण मोदी खोलामा पानीको बहाव बढेकोले उद्धार कार्य कठिनाई भएपछि स्थगित गरिएको थियो । भोलिपल्ट साउन २१ गते बिहान पुनः उद्धार कार्य सुरु गरी सो ठाउँमा रहेको बिजुलीको पोलको तारमा विभिन्न डोरीको प्रयोग गरी रोपको बेस बनाइ उनीहरु भएको ठाउँमा पुगेर उद्धार गरिएको थियो ।

उद्धार अनुभव

सुमन नेपाली
सशस्त्र प्रहरी जवान

मर्दी हिमालको जंगलमा हराएका ट्रेकरहरुको जानकारी पाउनसाथ हामी तत्काल घटनास्थलतर्फ हिड्यौं बाटो अत्यन्त कठिन थियो । एकतर्फ घना जंगल अर्कोतर्फ उर्लिदो मर्दी खोला, खोलाको बहाव यति भयंकर थियो कि सामान्य तरिकारले उद्धार गर्न सम्भव थिएन ।

हामीले घान्द्रुक हाईड्रोपावरको हाइटेन्सन लाइनमा रहेको झण्डै एक सय मिटर लामो तारलाई नै उद्धारको माध्यम बनाउने निर्णय गऱ्यौं । शुरुमा म तारको प्रयोग गरी पारिपट्टि पुगे विभिन्न डोरी प्रयोग गरी 'रोप बेस' बनाए । त्यसैको भरमा सशस्त्र प्रहरी जवान देवराज खनाल र शंकर चौधरी पनि खोलापारी पुगे ।

यो क्षण अझै मेरो मनमा ताजै छ । डोरीमा झुण्डिएर उर्लिदो पानीमाथि पार हुँदा हरेक सेकेण्ड जोखिमपूर्ण थियो । तर हामीले हिम्मत हारेनौ । अन्ततः तीनै जना युवकलाई सकुशल उद्धार गरी सुरक्षित स्थानमा पुऱ्यायौं । त्यो दिन साच्चै महशुस गरे सशस्त्र प्रहरीको वर्दीले बोकेको जिम्मेवारी कति भारी छ र त्यो जिम्मेवारी निभाउँदा पाइने सन्तुष्टि कति ठूलो हुन्छ ।

खोलाको बीचमा फसेका चार जनाको सकुशल उद्धार

रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिका-१० स्थित रोहिणी खोलामा फसेका चार जनाको सकुशल उद्धार गरिएको छ ।

उक्त स्थानमा माछा मार्न गएका उनीहरु अचानक पानीको बहाव बढेपछि सो खोलाको बीच भागमा अलपत्र परेका थिए । सो घटनाबारे जानकारी पाएपछि सुरक्षा बेस गंगोलियाबाट सशस्त्र प्रहरी निरीक्षक दिनेश के.सी.को कमाण्डमा खटिएको टोलीले उनीहरुको सकुशल उद्धार गरेको हो ।

पौडी खेल्ने क्रममा डुवेर बेपत्ता भएका व्यक्तिको शव फेला

कास्की जिल्लाको पोखरा महानगरपालिका-२५ हेम्जास्थित च्यायाखले खोलाको ड्याममा डुवेका युवकको शव सशस्त्र प्रहरीको गोताखोरले फेला पारेको छ ।

सोही महानगरपालिकाको म्यार्दीचोक बस्ने २० वर्षिय संजय गोतामे साउन ११ गते दिउँसो करीव १ बजे पौडी खेल्ने क्रममा उक्त खोलाको ड्याममा डुवेर बेपत्ता भएका थिए ।

सो बारे जिल्ला प्रहरी कार्यालय कास्कीले नं. २४ कालिका गण कास्कीलाई जानकारी गराएपश्चात उनको खोजीकार्यको लागि सशस्त्र प्रहरी निरीक्षक साजन श्रेष्ठको कमाण्डमा गोताखोरसहितको टोली खटिएको थियो । सो टोलीले खोजीकार्य गर्ने क्रममा दिउँसो साढे दुई बजे करीव १८ फिट गहिराईबाट उनको शव निकालेको हो ।

पर्वतको बन्जिसाईड भिरबाट हाम फालेका व्यक्तिको शव फेला

पर्वत जिल्लाको कुश्मा नगरपालिका-५ स्थित बन्जिसाईडको भिरबाट हाम फालेका व्यक्तिको शव सशस्त्र प्रहरीले फेला पारेको छ ।

बाग्लुङ्ग नगरपालिका-१४ नारायणस्थान घर भई हाल सोही ठाउँ बस्ने अन्दाजी ३३ वर्षिय दिपेन्द्र नेपाली साउन ४ गते साँझ करीव ९ बजे उक्त भिरबाट हाम फालेका थिए ।

सो लगत्तै उनको खोजीकार्यको लागि नं. २५ चण्डिका गण पर्वतबाट खटिएको टोलीले फेला नपारेपछि पुनः आज बिहान उक्त गणबाट खटिएको विपद् व्यवस्थापन तालिम प्राप्तसहितको टोलीले उनको शव करीव सवा ७ बजे फेला पारेको थियो ।

सो टोलीले उनको शव रोप रेस्क्यु विधिद्वारा करीव १ सय ३० मिटर तल भिरबाट झण्डै ३५ मिनेटको प्रयासमा निकालेको थियो । उनी सामान्य घरायसी विवादका कारण उक्त भिरबाट हाम फालेको बताइएको छ ।

उद्धार/विविध

नदीमा फसेका व्यक्तिको सशस्त्र प्रहरीद्वारा सकुशल उद्धार

कञ्चनपुर जिल्लाको महाकाली नदीको बीच भागमा फसेका एक व्यक्तिको सशस्त्र प्रहरीले सकुशल उद्धार गरेको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको चौरीदेउराली गाउँपालिका-६ लहरेटोल बस्ने ५२ वर्षीय उमेश चौलागाईं उक्त नदिको बीच भागमा फसेका थिए ।

उनी साउन २ गते बिहान करीव साढे ७ बजे कञ्चनपुरको दोधाराचाँदनी नगरपालिका-४ मालिका टोलस्थित झुलुङ्गे पुलभन्दा करिब २ किलोमिटर दक्षिण महाकाली नदीको बीचमा फसेको भन्ने स्थानीय बासिन्दाले सशस्त्र प्रहरीलाई जानकारी गराएको थियो । सो लगत्तै सीमा सुरक्षा गुल्म देवीस्थानबाट सशस्त्र प्रहरी निरीक्षक दिल बहादुर महराको कमाण्डमा विपद् व्यवस्थापन तालिम प्राप्त टोली उनको उद्धार कार्यमा खटिएको थियो । सो टोलीले उनलाई रबर बोटको सहयोगमा झण्डै १५ मिनेटभित्रै उक्त नदीको बीच भागबाट सकुशल उद्धार गरेको थियो ।

आगलागी नियन्त्रण

रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका-४ धन्सार पुलस्थित महेन्द्र राजमार्गमा साउन २१ गते पेट्रोल बोकेको ट्याङ्कर पल्टिएर भएको आगलागी सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोलीले दमकलको सहयोगमा नियन्त्रणमा लिएको छ ।

अमलेखगंजबाट सर्लाहीतर्फ जाँदै गरेको मध्येश प्रदेश ०३-००१ ख ७८११ नम्बरको ट्याङ्कर बन्यजन्तु मृग जोगाउने क्रममा अनियन्त्रित भई सडक छेउमा पल्टिएको थियो । दुर्घटना पश्चात उक्त ट्याङ्करमा आगलागी भएको थियो ।

दुर्घटनाबारे जानकारी पाएपछि आवश्यक उद्धार तथा आगलागी नियन्त्रणको लागि सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन सुरक्षा बेस निजगढ बारा र सुरक्षा बेस सन्तपुर रौतहटबाट टोली खटिएको थियो ।

ललितपुर महानगरपालिका-६ स्थित पाटन औद्योगिक क्षेत्रमा भएको आगलागी नियन्त्रण गर्दै नं. २१ दक्षिणकाली गण ललितपुरको सशस्त्र प्रहरी ।

काठमाडौंको गोकर्णेश्वर नगरपालिका-५ गोठाटारस्थित काठ गोदाममा भएको आगलागी नियन्त्रण गर्दै नं २० विपद् उद्धार गणको सशस्त्र प्रहरी ।

साउन ४ गते सप्तरी जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका-१ स्थित सप्तकोशी नदीमा हामफालेका २८ वर्षीय युवकको विपद् व्यवस्थापन बेस भारदहले सकुशल उद्धार गरेको छ ।

रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-१ स्थित तान्दिङ्ग लाक्षबर सडक खण्ड अन्तर्गत लिखुखोलाको बेलिबृज बाढीले बगाएपछि मानिस आवतजावतमा सहजताको लागि अस्थायी मनसुन प्रतिकार्य सुरक्षा बेस लाक्षबरले काठको पुल निर्माण गरेको छ ।

मोदी खोलाको बीचमा फसेका तीन जनाको सकुशल उद्धार

मोदी खोलाको बीचमा रहेको अन्नपूर्ण माता मन्दिरमा फसेका पुजारी १ जना र २ जना भक्तजनको गोताखोरसहितको टोलीले साउन २९ गते बिहान सकुशल उद्धार गरेको छ ।

कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका-५ र ६ को सीमानामा पर्ने उक्त मन्दिर लगातार वर्षाको कारण सो खोलामा आएको बाढीले आवतजावत गर्ने दुई वटा फलामको पुल बगाउनुकोसाथै मन्दिरको आधा भाग समेत कटान गरेपछि उनीहरु मन्दिरमै फसेका थिए ।

सो बारे जानकारी पाउनासाथ नं. २४ कालिका गण कास्कीबाट गोताखोरसहितको टोली साउन २८ गते राती साढे २ बजे उनीहरुको उद्धारको लागि खटिएको थियो । लगातार वर्षा र सो खोलामा आएको बाढीको कारण उद्धार गर्न कठिनाई भएपछि सो टोलीले पुनः साउन २९ गते बिहान रोप रेस्क्यु विधि अपनाई उनीहरु तीनै जनालाई सकुशल उद्धार गर्न सफल भएको हो ।

शव फेला

काभ्रेपलाञ्चोक जिल्लाको रोशी गाँउपालिका-७ कटुन्जेबेसी स्थित खोलाले बगाई बेपत्ता भएका व्यक्तिको शव फेला पारेको छ ।

सोही नगरपालिका-८ बस्ने ७५ वर्षिय मोतिमान पाखिन खोलाले बगाई बेपत्ता भएको भन्ने खबर पाउनासाथ विपद् व्यवस्थापन बेस भकुण्डेबेसी र अस्थायी मनसुन प्रतिकार्य बेस मंगलटारबाट उनको खोजी कार्यको लागी टोली खटिएको थियो ।

मोटरसाइकल दुर्घटनामा परेकाहरूको उद्धार

गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिका-१२ उर्लेनीमा साउन १६ गते भएको मोटरसाइकल दुर्घटनाका घाइतेहरुको उद्धार गरिएको छ ।

तम्घासबाट रिडीतर्फ जाँदै गरेको लु २ ख ६८९३ नम्बरको ट्रक र विपरित दिशाबाट आउँदै लु ८ प ४७०० नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किंदा मोटरसाइकल सडकबाट करीब १०० मिटर तल खसेको थियो । उक्त दुर्घटनामा मोटरसाईकल सोही नगरपालिका-५ बर्दबास बस्ने बर्ष २७ को बिष्णु कुँवर र सोही नगरपालिका-४ जोगिथुम बस्ने बर्ष २८ को अर्जुन कुवंर घाइते भएका थिए । घाइतेहरुको नं.३७ गुल्म गुल्मीले उद्धार गरी उपचारको लागि जिल्ला अस्पताल तम्घासतर्फ पठाएको छ ।

अवरूद्ध राजमार्ग सुचारू

अविरल वर्षाको कारण इलाम जिल्लाको इलाम नगरपालिका-९ राजदुवाली स्थित मेची राजमार्गमा पहिरो गई अवरूद्ध राजमार्ग सुचारु गरिएको छ ।

उक्त ठाउँमा यात्रुको सहजताको लागी नं. १ गण श्रीअन्तु इलाम, नेपाली सेना नेपाल प्रहरी, नगर प्रहरी र स्वास्थ्यकर्मीहरू सहितको संयुक्त टोलीले (हेल्प डेस्क) स्थापना गरी सहजीकरण गरेको थियो भने ३३८ जना अशक्त तथा बिरामीहरूलाई सुरक्षित स्थानमा पुऱ्याएको थियो ।

हार्दिक श्रद्धाञ्जलि

जन्म २०४४।०८।१७ — स्वर्गारोहण २०८३।०४।२९

सशस्त्र प्रहरी हवल्दार स्व. होमबहादुर थापा मगर

नं. ५ त्रियुगा गण उदयपुर दरबन्दी भई बोर्डर आउट पोष्ट अमडुवा सुनसरीमा कार्यरत सशस्त्र प्रहरी हवल्दार होमबहादुर थापा मगरको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

सशस्त्र प्रहरी बल, नेपाल

जन्म २०४५।०६।११ — स्वर्गारोहण २०८३।०४।१३

सशस्त्र प्रहरी हवल्दार स्व. घनश्याम ढकाल

नं. ४२ रिजर्भ गण शम्शेरगंज बाँके दरबन्दी भई सीमा सुरक्षा गुल्म नरैनापुर बाँकेमा कार्यरत सशस्त्र प्रहरी हवल्दार घनश्याम ढकालको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

सशस्त्र प्रहरी बल, नेपाल

जन्म २०५२।०९।१५ — स्वर्गारोहण २०८३।०४।०७

सशस्त्र प्रहरी जवान स्व. सुबिन खत्री

नं. ३८ रिजर्भ गण झापा दरबन्दीका सशस्त्र प्रहरी जवान सुबिन खत्रीको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

सशस्त्र प्रहरी बल, नेपाल

जन्म २०४७।१२।१८ — स्वर्गारोहण २०८३।०४।२३

सशस्त्र प्रहरी परिचर स्व. सुमन खत्री

नं. २८ गण कपिलवस्तु दरबन्दी भई सीमा सुरक्षा गुल्म कोईलाबास दाडमा कार्यरत सशस्त्र प्रहरी परिचर सुमन खत्रीको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

सशस्त्र प्रहरी बल, नेपाल

लेख/रचना

फौजी जीवन र सिरानी

युवराज खतिवडा
सशस्त्र प्रहरी नायव निरीक्षक

सिरानीलाई थाहा छ धेरै, हाम्रा गोप्य कुराहरू,
यसैले त देखेको छ, मीठा-मीठा सपनाहरू ।

अध्यारो रातको एकान्तमा, लामो पल बिताएको छ,
कसैले नदेखेको आँसु, यसैले त पुछेको छ ।

हिजो राति ओइलिएको, त्यो उदास अनुहार,
बिहान फेरि मुस्कुराउँदा, हेरिरह्यो निरन्तर ।

दुनियाँसामु जे-जे देखाऊँ, यहाँ छाडी आफ्नो छली,
सिरानीले देखेको छ, साँचो रूप पल-पली ।

माटो-कपडाको एउटा सानो, वस्तु मात्र कहाँ हो र ?
हाम्रो जीवनको सुख-दुःखको, मौन साक्षी बनेको छ त ।

देशका लागि समर्पण

डिल्लीबहादुर बुढा
सशस्त्र प्रहरी सहायक हवल्दार

सीमाको चिसो रातमा पनि मुस्कान बोकेको छु,
देशकै शान्ति र सुरक्षाको पहिचान बोकेको छु ।

घरका सारा खुसी टाढा राखी डिउटीमा उभिएको छु,
आमाको आर्शीवाद र नेपालको शान बोकेको छु ।

दुःख त धेरै आए जीवनमा, कहिल्यै हार मानेनँ,
कर्तव्यको बाटो रोजी आत्मसम्मान बोकेको छु ।

बाढी, पहिरो, आगलागी जहाँ पीडा हुन्छ,
त्यहीँ पुगेर सेवाको अमिट चिन्ह बोकेको छु ।

तलब ठुलो नभए पनि मनको धनी बनेको छु,
जनताको विश्वास नै मेरो धन बोकेको छु ।

सुविधा थोरै लागे पनि गर्व भने अपार छ,
देशको झण्डा मुटुभित्र सधैँ सम्मान बोकेको छु ।

सशस्त्र प्रहरीको यो पोशाक केवल कपडा होईन,
नेपाल आमाप्रतिको जीवनभरि प्राण बोकेको छु ।

विपद्मा अगाडि सशस्त्र प्रहरी

कहरसिंह राना
सशस्त्र प्रहरी वरिष्ठ हवल्दार

विपद्को आँधी चल्दा पहिलो पाईला सशस्त्र प्रहरी,
आँशुको डोबहरू पुछ्ने भरोसाको ज्योती सशस्त्र प्रहरी ।

बाढी होस् पहिरो होस् वा भुकम्पको कठोर घडी,
मृत्युको मुखमा पुगेर पनि जीवन खोजी गर्ने सशस्त्र प्रहरी ।

आफ्ना रहरहरू थाती राखी जनताको सेवा गर्छ,
कर्तव्य भन्दा माथि केही नठान्ने योगी सशस्त्र प्रहरी ।

आफू भिजेर अरुलाई सुरक्षित किनारा पुऱ्याउछ,
मानवता कै मन्दिर भित्र बल्ने अमिठ बत्ती सशस्त्र प्रहरी ।

हरपल सीमाको सुरक्षा देखि विपद्को उद्धार सम्म,
राष्ट्रको विश्वास जनजनको शक्ति सशस्त्र प्रहरी ॥

मेरो देश

विन्दु तिवारी
प्रशिक्षार्थी सशस्त्र प्रहरी जवान

हिमाल पहाड तराई, मेची महाकाली
सयौँ थुङ्गा फुल जस्तै छरिएका छौँ नेपाली ।

सगरमाथा शिखरमा उपत्यका छ काठमाण्डौँमा
रातो चन्द्र सुर्य छ हाम्रो नेपाली झण्डामा ।

जन्म लियौँ हामीले नेपाल आमाले कोखबाट
विर गोर्खालीको सन्तति मुस्कान आउछ ओठबाट ।

जबसम्म हाम्रो रगत एक थोपा रहन्छ
तब सम्म अघि हामी बढ्ने छौँ ।

संघर्ष नै जीवनको मुल आधार हो भनी
राष्ट्रलाई अघि चिनाउने छौँ ।

दुःख सुःख जे जस्तो भएनी
सुखी साथ लड्ने छौँ।

नेपाल आमा तिम्रो दुधको भार
तिर्ने हामी जसरी नी अघि बढ्ने छौँ ।

समय आउँछ

रामशरण न्यौपाने
सशस्त्र प्रहरी वरिष्ठ हवल्दार

समय आउँछ पक्कै आउँछ गुरु बनेर आउँछ
अज्ञानलाई नाश गरी ज्ञान दिन आउँछ
कति अमूल्य छ यो कसैले किनेर किन्न नसक्ने
कति बलवान छ यो कसैको घुर्की र धम्कीमा नडराउने

कसैका लागि विष बनेर आउँछ त यो कसैको लागि अमृत
अनि कसैको लागि धेरै भएको छ त यो कसैको लागि थोरै
न त आधिनै छ त यो कसैको लागि अन्त्य
न पर्खन्छ यसले कसैको अनुरोध र अलाप विलापमा नै

समय आउँछ फेरी आउँछ
वसन्तकै पालुवा सँगै आउँछ
अनि शिशिरसम्म दौडीरहन्छ
हेमन्तको तुषारो सँग आउँछ

अनि सरदको चाँदसँग चम्किरहन्छ
प्रकृतिको हरियाली सँग आउँछ
अनि उजाड सम्म रहन्छ
सुख र दुःख दुवैमा आउँछ यो

जीवनको अन्त्य सम्म हाँसीरहन्छ
समय एक दिन पक्कै आउँछ धैर्य गर्नुपर्छ
यसको महत्व बुझ्नेलाई साथ दिएर आउँछ
वास्ता नगर्नेलाई चुनौती लिएर आउँछ

अब त उषाको विहानी सँग आउँछ
अनि समयको लाली सगै खेलिरहन्छ
पूर्णिमाको जून सँग आउँछ
औसीँको रात सम्म पर्खिरहन्छ

समय आउँछ पक्कै आउँछ
भूत, वर्तमान र भविष्य सम्म चम्किरहन्छ
जीवनको हाँसो र आँशु दुवैमा लम्किरहन्छ
समय आउँछ पक्कै आउँछ
गुरु बनेर आउँछ

समर्पण एपीएफ मासिकको लागि

लेख रचना, युनिटले गरेका कामकारवाही, पत्राउ, बरामद, उद्धार
तथा
अन्य सामग्री पठाउन स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा

इमेल : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४९००६

सचेतनामूलक कार्यक्रम

काठमाडौं महानगरपालिका-२६ सामाखुसीस्थित स्कलर्स होम एकेडेमीमा नं. १८ बाघभैरव गण काठमाडौंले विपद् व्यवस्थापन सम्बन्धी सचेतनामूलक कक्षा सञ्चालन ।

भक्तपुर नगरपालिका-४ भोलाछे राममन्दिरस्थित शान्ति निकेतन माध्यमिक विद्यालयमा सुरक्षा बेस व्यासीले विपद् सम्बन्धी सचेतनामूलक कक्षा सञ्चालन ।

कपिलबस्तु जिल्लाको बिजयनगर गाउँपालिका-१ असनराका स्थानीय बासिन्दाहरुलाई नं. २८ गण कपिलबस्तुले मानव वेचविखन सम्बन्धी जनचेतनामूलक कक्षा सञ्चालन ।

कञ्चनपुर जिल्लाको पुनर्वास नगरपालिका-१० बिकासबस्तीस्थित श्री अलंकार आधारभूत विद्यालयमा बोर्डर आउट पोष्ट दोधाराले लागूऔषध दुर्व्यसनी सम्बन्धी सचेतनामूलक कक्षा सञ्चालन ।

बोर्डर आउट पोष्ट रामनगर र भारतीय सशस्त्र सीमा बल (एसएसवी)को संयुक्त टोलीले सप्तरी जिल्लाको बलान बिहुल गाउँपालिका-५ रामनगर र भारततर्फ मधुबनी जिल्ला बासुदेवपुर ग्रामपञ्चायत-३ बलुवास्थित सीमा ईलाकाका स्थानीय बासिन्दाहरुलाई अन्तराष्ट्रिय मानव बेचविखन विरुद्ध जनचेतनामूलक कक्षा सञ्चालन ।

बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका-१६ सखुवाघाट स्थित श्री जन जागृति माध्यमिक विद्यालयमा नं. ४० रिजर्भ गण पिलुवा बाराले विपद्जन्य घटनाहरुबाट बच्ने उपाय सम्बन्धी सचेतनामूलक कक्षा सञ्चालन ।

■ **प्रकाशक**: **सशस्त्र प्रहरी बल, नेपाल** ■ **प्रकाशन समिति**: सप्रउ राधेश्याम धिमाल (संयोजक), सदस्यहरु: प्रा.सप्रउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिल कुमार श्रेष्ठ
लेआउट डिजाइन: सप्रसनि मनोज कुँवर **कम्प्यूटर अपरेटर**: सप्रबह रामशरण न्यौपाने, सप्रह मिनबहादुर हौजाली मगर **तस्वीर**: छापाखाना, फोटोग्राफी तथा श्रव्यदृष्य शाखा र मातहत इकाई